*बैठक संख्या:-*

आज मिति २०८० मंसिर १० गते आईतबारका दिन बिहान ८ बजे घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी न्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री राम कुमार कार्की | सचिव | |

<u>अन्य उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुधन थिङ | सहायक पाँचौं | |

घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको बैठक
मिति २०८० मंसिर १० गते आईतबार
बैठकका प्रस्ताव तथा निर्णयहरु
समयः बिहान ८ बजे

बैठकका प्रस्तावहरुः-

१. अघिल्ला बैठकको निर्णयको समीक्षा सम्बन्धमा।

२. शिक्षक सरुवा तथा दरबन्दी मिलान सम्बन्धमा।

३. शैक्षिक कार्यविधि सम्बन्धमा।

४. कृषि अधिकृत र अ.न.मि. करार सेवामा लिने सम्बन्धमा।

५. शिक्षक भर्ना सम्बन्धमा।

६. आर्थिक सहयोग सम्बन्धमा।

७. बाटो मर्मत सम्बन्धमा।

८. विविध सम्बन्धमा।

<table>
<tr><th>प्रस्ताव नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>यस अघि भए गरेका निर्णयहरुको समीक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२</td><td>मिति २०८०।०८।१० गतेको घ्याङलेख गाउँपालिका शिक्षक दरवन्दी मिलान कार्यदलबाट अनुमोदन भई आएका निर्णय तपशिल अनुसार गर्ने निर्णय गरियो।<br><u>तपशिल:</u>
<table>
<tr><th>क्र.स.</th><th>नाम, थर</th><th>हाल कार्यरत विद्यालय</th><th>कामकाज फिर्ता हुने विद्यालय</th></tr>
<tr><td>१</td><td>नानीमाया थिङ</td><td>आ.वि. बेलबोट</td><td>आ.वि. आरुबोट</td></tr>
</table></td></tr>
<tr><td>३</td><td>मिति २०८०।०४।१० को गाउँ कार्यपालिको निर्णयानुसार शिक्षक कर्मचारी पदपूर्ती गाउँपालिकाको कार्यालयबाट गर्न शिक्षक।कर्मचारी पदपूर्ती कार्यविधि, २०८० निर्माण गरी कार्य प्रकृया अगाडी बढेकोमा सो अनुसार व्यवहारिक कार्यप्रणाली ढिलो हुने हुँदा शिक्षा ऐन तथा नियमावली, २०५९(संसोधन सहित )अनुसार नै गर्न गराउन शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो।</td></tr>
<tr><td>४</td><td>मिति २०८०।०४।१० गतेको गाउँ कार्यपालिकाको प्रस्ताव नं. ८ मा भएको निर्णय बमोजिम अ.न.मि. २ जना भर्ना गर्ने कार्य यथाशीघ्र विज्ञापन गरी नियुक्ति गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>५</td><td>शिक्षक भर्ना गर्ने कार्य विद्यालयको आबश्यक्ता र माग बमोजिम भर्ना गर्न शिक्षा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो।</td></tr>
<tr><td>६</td><td>क. घ्याङलेख गाउँपालिका वडा नं.१ निवासी ज्ञान बहादुर पाखिनको नातिनी, अशोक कुमार पाखिनकी छोरी मनिका पाखिन भीरबाट लडी घाईते भएको हुनाले निजको घरको आर्थिक अवस्था निकै कमजोर भएको कारणले गर्दा निजलाई अस्पतालको बील भर्पाई पेश भए पछि रु५०,०००।— आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>ख. घ्याङलेख गाउँपालिका वडा नं.१ सिम्लेमा रहेको राम कुमार घिसिङ र जित बहादुर स्याङ्तानको जग्गामा लगाएको केरा खेती विद्युत प्राधिकरणको लाईन राख्ने क्रममा जग्गा धनीलाई जानकारी नदिई नष्ट गरिएको र सो बापत आर्थिक सहायता पाउँ भनि निवेदन दिएको हुँदा निजहरुलाई रु१०,०००।— आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>ग. घ्याङलेख गाउँपालिका वडा नं.४ निवासी पाल्साङ लोको छोरा कान्छामान लोलाई घाटी सम्बन्धी रोग लागी अपरेशन गरेको उक्त अपरेशन सफल नभई पुनः अपरेशन गर्नुपर्ने भएकोले निजलाई थप आर्थिक सहायता हुने गरी जम्मा रु२५,०००।— आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>घ. घ्याङलेख गाउँपालिका वडा नं.२ निबासी जय बहादुर स्याङ्तानको छोरा धनलाल स्याङ्तान विगत ५ वर्ष देखि टाउकाको विरामी भई उपचार गरि अपरेशन समेत भईसकेको र हाल मानसिक रुपमा</td></tr>
</table>

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झापुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

ठीक नभएकोले घर परिवार र गाउँघरमा समेत दुःख दिने गरेकोले निजलाई सिन्धुली अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC) सिन्धुलीसँग समन्वय गरी मानसिक स्वास्थ्य उपचार केन्द्रमा पठाउने र लागेको उपचार केन्द्रको रकम बढीमा २०८१ साल असार महिना सम्मको रकम गाउँपालिकाले व्यहोरिने निर्णय गरियो।

ङ. घ्याङलेख गाउँपालिका वडा नं.४ निवासी श्री चन्द्र कुमार धोङकी छोरी वर्ष १४ की विपन धोङ मिति २०८०।०५।३१ गतेका दिन आत्माहत्या गरी मृत्यु भएको र निजको शवलाई पोष्टमार्टम गर्नका लागि सिन्धुली जिल्ला अस्पताल सम्म लगिएको हुँदा सो बापतको यातायात खर्च स्वरुप बील भर्पाई पेश भए पछि बढीमा जम्मा रु२०,०००।—(कर बाहेक) भुक्तानी दिने निर्णय गरियो।

च. घ्याङलेख गाउँपालिका वडा नं.१ सिम्ले निवासी निर्मल देवकोटाकी श्रीमती श्री पूर्ण कुमारी देवकोटालाई पित्त थैलीमा पत्थरी भएको र निजको घरको आर्थिक अवस्था निकै कमजोर रहेको कारणले गर्दा निजलाई थप उपचारको लागि बील भर्पाई पेश भए पछि जम्मा रु१५,०००।— आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

७ सडक मर्मतको लागि वडा कार्यालयको सिफारिसमा मात्र मर्मत कार्य अगाडी बढाउने निर्णय गरियो।

८. विविध सम्बन्धमा छलफल गर्दा:

क गाउँपालिकामा सञ्चालनमा रहेको गाडी (बा२झ ३६८०) बिग्रिएर मर्मत गर्नुपर्ने भएकोले श्री न्यू ओशो रजनीशपुरम अटोल्याण्डले बनाएको स्टिमेट बमोजिम मर्मत गर्न सोही अटोल्याण्डलाई मर्मत आदेश दिने निर्णय गरियो।

स्टिमेट बमोजिमको रकमः- ~~रु९६६,००,०००~~।- ६,९८८,०००।-

ख प्रादेशिक डिभिजन सडक कार्यालय, खुर्कोटबाट कार्यान्वियन हुने टुनिभञ्ज्याङ हुँदै क्लोसे सडक स्तरोन्नती, घ्याङलेख गा.पा.-१ नामक योजना देहाय बमोजिम हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याउन भौतिक पूर्वाधार मन्त्रालय, हेटौंडालाई अनुरोध गर्ने निर्णय गरियो।

देहाय:

| क्र.स | योजनाको नाम | भएको | हुनुपर्ने | कै |
|---|---|---|---|---|
| १ | टुनिभञ्ज्याङ हुँदै क्लोसे सडक स्तरोन्नती, घ्याङलेख गा.पा.-१ | टुनिभञ्ज्याङ हुँदै क्लोसे सडक स्तरोन्नती, घ्याङलेख गा.पा.-१ | भालुभञ्ज्याङ हुँदै क्लोसे सडक निर्माण, घ्याङलेख गा.पा.-१ | |